# मुसिकोट नगरपालिका

## मुसिकोट नगरपालिकाको असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६

कार्यपालिकाबाट स्वीकृत मिति :- २०७६/१२/२०

मुसिकोट नगरपालिका, गुल्मी ।

**मुसिकोट नगरपालिकाको असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६**

प्रस्तावना

कोभिड १९ को सभावित सक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थावाट प्रभावित असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई दैनिक जीवनयापनको लागि स्थानीय तहवाट राहत उपलव्ध गराउने गरी नेपाल सरकार मन्त्रिपरिषदवाट भएको निर्णय कार्यान्वियन गर्नको लागि स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम मुसिकोट नगरकार्यपालिकाले देहायको मापदण्ड वनाइ लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस मापदण्डको नाम 'मुसिकोट नगरपालिकाको असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६ रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषणा गरेको अवधिसम्मको लागि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग भन्नाले दैनिक रूपमा कामकाज गरी पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा ३ बमोजिमका श्रमिक कामदार तथा मजदुर सम्झनु पर्दछ ।

(ख) 'असहाय' भन्नाले कसैको लालन पालनमा नरही अशक्त तथा आवास विहिन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्बा, मस्जिद, गुरूद्वार, चर्च वा बृद्धाआश्रममा बस्ने व्यक्ति सम्झनु पर्दछ ।

(ग) 'राहत' भन्नाले नेपाल सरकारबाट निर्णय भए बमोजिम नगरपालिकाले दफा ३ बमोजिमका श्रमिक वर्ग तथा असहायहरूलाई प्रदान गरिने दफा ६ बमोजिमको सामाग्री सम्झनुपर्दछ ।

(घ) 'स्थानीय तह' भन्नाले मुसिकोट नगरपालिका सम्झनुपर्दछ ।

(ङ) समिति भन्नाले दफा ४ बमोजिमको छनौट समिति सम्झनु पर्दछ ।

३. **लाभग्राही मापदण्ड** : (१) यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक वर्ग तथा असहायहरूलाई वडा कार्यालयले प्रदान गर्नुपर्नेछ ।

क) दफा ४ मा उल्लेख भए बमोजिमको समितिको बैठक बसि तपसिलका मापदण्डका आधारमा रही राहत आवश्यक पर्ने घर परिवारको छनौट गर्नुपर्नेछ ।

अ) घरमा भएको उत्पादनले १ महिना भन्दा कम खान पुग्ने ।

आ) परिवारको कुनै सदस्य बैदेशिक रोजगार वा आन्तरिक व्यापार वा कुनै प्रकारको सरकारी/निजी क्षेत्र, गैर सरकारी क्षेत्रमा रोजगारीमा आवद्ध नभएको ।

इ) ज्यादै न्यून स्तरको आर्थिक अवस्था तथा उच्च गरिबी रहेको, ज्याला मजदुरी नगरेसम्म कम्तिमा दुई छाक आफु र आफ्नो परिवार पाल्ने क्षमता नभएको ।

ई) सामाजिक न्यायको सिद्धान्तको आधारमा उक्त परिवार राहत छनौटमा पर्दा कुनै प्रकारको विवाद सृजना नहुने ।

उ) घरमा कुनै खाद्य सामाग्री कोदो, मकै, चामलको भण्डारण नगरेको ।

ऊ) खाधान्न उत्पादन को लागि ३ रोपनी भन्दा बढि जग्गा नभएको ।

(२) यस दफा बमोजिमको राहत पाउने परिवार तथा व्यक्तिको छनौट अनुसुची ४ को प्राप्त अंक का आधारमा समितिले तीन दिन भित्र तयार गरी सार्वजनिक गर्नु पर्नेछ ।

४ .**श्रमिक र असहाय तथा आपुर्तीकर्ता छनौट समिति** : दफा ३ को मापदण्ड वमोजिम वडावाट लाभग्राही छनौट तथा दफा ७ वमोजिमको राहत वितरणका लागि आपुर्तीकर्ता छनौट निम्न वमोजिमको वडास्तरीय समिति मार्फत गर्ने ।

सयोजक : वडाअध्यक्ष

सदस्य : सम्वन्धित वडाका कार्यपालिका सदस्य सहित वडासदस्य सवै

सदस्य : वडास्थित दलका १/१ जना प्रतिनिधि

सदस्य : समितिले तोकेको समाजसेवी मध्येवाट १ जना

सदस्य सचिव : वडा सचिव

५. **राहत वितरण गर्नुपर्ने** : दफा ३ बमोजिम सार्वजनिक भएको श्रमिक वर्ग तथा असहायहरूलाई सम्बन्धित वडाले अनुसूची २ बमोजिमको ढाँचामा विवरण राखि दफा **६** बामोजिमको राहत अनुसुची ६ वमोजिमको नगरपालिकाले निर्धारिण गरेको दररेटमा तत्काल वितरण गर्नुपर्नेछ ।

६. **राहत सामाग्री** : (१) खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असहायहरूलाई प्रति परिवारका लागि देहायका सामाग्री राहत स्वरूप वितरण गरिनेछ ।

(क) चामल प्रति व्यक्ती ५ किलोग्राम

(ख) दाल प्रतिव्यक्ती १/२ किलोग्राम

(ग) नुन १ पाकेट

(घ) खाने तेल १ लिटर

(ङ) साबुन २ वटा

(२) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक वर्ग तथा असहाय तथा तिनसँग सँगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै बैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत समाग्री वितरण गरिने छैन ।

७. **वितरण गर्ने विधि** : (१) देहायको विधि अवलम्बन गरी दफा ६ बमोजिमको राहत सामाग्री वितरण गर्नु पर्नेछः

(क) दफा ४ वमोजिमको समितिले लाभग्राही छनौट गरी आवश्यक राहत सामाग्रीको आकलन गर्ने ।

(ख) नगरपालिकाले उपलब्ध गराएको दररेटमा वडाकार्यालयले सामाग्री खरिद गरी वितरण गर्ने वा कुपन वितरण गरी नजिकैको आपुर्तिकर्तावाट उपलब्ध गराउन व्यवस्था गर्ने । उक्त कुपन वडा अध्यक्ष वा वडासदस्यले उपलब्ध गराउन सक्ने कुपनको ढाचा अनुसुची ५ वमोजिम हुने छ।

८. **राहत वितरणको अभिलेख , प्रतिवेदन** : (१) सम्बन्धित वडाले अनसूची-२ बमोजिमको राहत वितरणको अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक रूपमा सार्वजनिक गर्नुपर्नेछ र एक प्रति नगरकार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

(२) प्रत्येक स्थानीय तहले राहतको प्रतिवेदन अनुसूची ३ बमोजिमको ढाँचामा पाक्षिक रूपमा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउर्नुपर्नेछ ।

(३) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र मुसिकोट नगरपालिकाले राहत वितरणको नियमित अनुगमन गर्नेछ ।

९. **कारबाही सम्बन्धी व्यवस्था** : (१) यस कार्यविधीमा तोकिएको मापदण्ड पूरा नभएका व्यक्तिले झुट्टा विवरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुँदैन ।

(२) यस कार्यविधिको प्रतिकुल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानुन बमोजिम कारबाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हदसम्मको रकम सम्बन्धित स्थानीय तहले निजबाट असुल गर्नुपर्नेछ ।

१० **भुक्तानी** वडासचिवमार्फत निम्न कागजात उपलब्ध भएपछि नगरकार्यपालिकाको कार्यालयले भुक्तानी दिनेछ ।

क) आपुर्तिकर्ताले पेश गरेको विल भरपाइ

ख) आपुर्तिकर्ताको व्यवसाय दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलीपी ।

ग) कुपन सकलन गरी अनुसुची २ र ३ का साथै लाभग्राही छनौट सम्बन्धि कागजात उपलब्ध गराउनुपर्नेछ ।

## अनुसूची-१

**(दफा ३ सँग सम्बन्धित)**

**निवेदनको ढाचा**

**<u>राहत प्राप्त गर्ने व्यक्तिको विवरण :</u>**

**१. नाम थर :** **२. बाबुको नाम :** **३ बाजेको नाम :**

**४. स्थायी ठेगाना :** **५. हालको ठेगाना :**

**६. टेलिफोन वा मोबाइल नम्बर (भएमा) :**

**७. दैनिक ज्यालादारीमा कार्यरत स्थान :**

**८. पेश गरेको कागजातको विवरण : (कम्तिमा कुनै एक कागजात संलग्न गर्नुपर्ने)**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वा

(ख) गरिब घर परिवार परिचयपत्रको प्रतिलिपी वा

(ग) सवारी चालक अनुमति पत्रको प्रतिलिपी वा

(घ) अन्य :

(ङ) रूजु सूची :

| क्र.सं. | विवरण | भएको | नभएको |
|---|---|---|---|
| १ | अ) घरमा भएको उत्पादनले १ महिना भन्दा कम खान पुग्ने । | | |
| २ | आ) परिवारको कुनै सदस्य बैदेशिक रोजगार वा आन्तरिक व्यापार वा कुनै प्रकारको सरकारी/निजी क्षेत्र, गैर सरकारी क्षेत्रमा रोजगारीमा आवद्ध । | | |
| ३ | इ) ज्यादै न्यून स्तरको आर्थिक अवस्था तथा उच्च गरिबी रहेको, ज्याला मजदुरी नगरेसम्म कम्तिमा दुई छाक आफु र आफ्नो परिवार पाल्ने क्षमता । | | |
| ४ | ई) सामाजिक न्यायको सिद्धान्तको आधारमा उक्त परिवार राहत छनौटमा पर्दा कुनै प्रकारको विवाद सृजना हुने । | | |
| ५ | उ) घरमा कुनै खाद्य सामाग्री कोदो, मकै, चामलको भण्डारण । | | |
| ६ | ऊ) खाधान्न उत्पादन को लागि ३ रोपनी भन्दा वढि जग्गा । | | |

**९. राहत लिने व्यक्तिको स्वः घोषणा :**

म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन् । मैले यस्तो राहत सुविधा दोहोरो दिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठीक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

**निवेदक :**

**दस्तखत :**

**औँठाको छाप**

| दायाँ | बायाँ |
|---|---|
| | |

**मिति :**

**सिफारिस गर्ने पदाधिकारी :**

**दस्तखत :**

**नाम :**

**पद :**

**मिति :**

**अनूसूची २**

**(दफा ८ को उपदफा १ सँग सम्बन्धित)**

**मुसिकोट नगरपालिका**

**वडा नं. ..................... कार्यालय : ..................**

**<u>राहत विवरणको अभिलेख</u>**

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नम्बर | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**राहत वितरण गर्नेको :**

**दस्तखत :**

**नाम थर :**

**टेलिफोन नं.**

**अनूसूची ३**

**(दफा ८ को उपदफा २ सँग सम्बन्धित)**

**मुसिकोट नगरपालिका**

**वडा नं. ..................... कार्यालय : ..................**

**<u>प्रतिवेदनको ढाँचा</u>**

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नम्बर | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**निवेदन गर्नेको :**

**दस्तखत :**

**नाम थर :**

**टेलिफोन न :**

## अनुसुची ४

### छनौट मापदण्ड -दफा ३ बमोजिम

| क.सं. | मापदण्ड | पुर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| अ) | घरमा भएको उत्पादनले १ महिना भन्दा कम खान पुग्ने । | १५ | | |
| आ) | परिवारको कुनै सदस्य बैदेशिक रोजगार वा आन्तरिक व्यापार वा कुनै प्रकारको सरकारी/निजी क्षेत्र, गैर सरकारी क्षेत्रमा रोजगारीमा आवद्ध । | २० | | |
| इ) | ज्यादै न्यून स्तरको आर्थिक अवस्था तथा उच्च गरिबी रहेको, ज्याला मजदुरी नगरेसम्म कम्तिमा दुई छाक आफु र आफ्नो परिवार पाल्ने क्षमता । | ३० | | |
| ई) | सामाजिक न्यायको सिद्धान्तको आधारमा उक्त परिवार राहत छनौटमा पर्दा कुनै प्रकारको विवाद सृजना हुने । | १० | | |
| उ) | घरमा कुनै खाद्य सामाग्री कोदो, मकै, चामलको भण्डारण । | १० | | |
| ऊ) | खाधान्न उत्पादन को लागि ३ रोपनी भन्दा वढि जग्गा । | १५ | | |
| | **जम्मा** | १०० | | |

***नोट : अनुसूची १ बमोजिम फारम भरेका नागरिकले राहत पाउनको लागि कम्तिमा ७० अङ्क ल्याउनै पर्नेछ । यसरी राहत पाउने सम्पूर्ण नागरिकको नाम सार्वजनिक गरिने छ ।***

अनुसुची-५

(दफा ७ (१) को ख सँग सम्बन्धित)

कुपनको ढाँचा

मुसिकोट नगरपालिका

............ वडा कार्यालय............. गुल्मी ।

राहत प्राप्त गर्ने कुपन

समितिको निर्णय मिति

## राहत पाउने लाभग्राहीको विवरण

लाभग्राहीको नाम : ठेगाना : सम्पर्क नं.:

ना.प्र.नं.

आपुर्तिकर्ताको विवरण

व्यवसायको नाम : व्यवसायीको नाम :

व्यवसाय रहेको स्थान : सम्पर्क नं.

कुपन लिने व्यक्तिको नाम थर : लाभग्राहीसँगको नाता : सम्पर्क नं.

कुपन प्रदान गर्नेको नाम : पद : हस्ताक्षर

देहाय बमोजिमको राहत सामाग्री बुझिलिएँ ।

| सि.नं. | सामाग्रीको नाम | इकाई | प्रति इकाई दर | परिमाण | जम्मा मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | चामल | के जी | | | | |
| २ | दाल | के जी | | | | |
| ३ | तेल | लिटर | | | | |
| ४ | नुन | के जी | | | | |
| ५ | सावुन | गोटा | | | | |

राहत सामाग्री लिनेको विवरण सामाग्री प्रदान गर्ने प्रमाणित गर्ने

नाम थर : नाम थर : नाम थर :

हस्ताक्षर : हस्ताक्षर : हस्ताक्षर :

मिति : मिति : मिति :

*नोटः सामान उपलब्ध गराउदा भिडभाड नहुने गरी सहज ढगं अपनाउनु पर्नेछ ।*

## अनुसुची ६

### दफा ६ सँग सम्बन्धित

### नगरपालिकाद्धारा सामाग्री को स्वीकृत दररेट

| क.सं | सामाग्री | दर | इकाइ | कैफियत |
|---|---|---|---|---|
| १ | चामल | ५४ | के जी | सोना मन्सुली , जिरा मसिनो, |
| २ | दाल | ११० | के जी | मसुरो |
| ३ | तेल | १६५ | लिटर | तोरी, सन्फ्लावर |
| ४ | नुन | २५ | के जी | आयोडिन युक्त |
| ५ | सावुन | ३० | गोटा | लाइफवाय, लक्स, डिटोल, लिरिल |

*नोट : वडावाट सामान वितरण तथा खरिद गर्दा उपरोक्त दररेट भन्दा घटिमा उपलब्ध गराउन वाधा पर्नेछैन ।*